प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७९ वैशाख २४

## राजनीतिक दलको झण्डा तथा चिन्ह प्रयोग सम्बन्धमा

स्थानीय तह सदस्य निर्वाचनको सन्दर्भमा सम्बन्धित दल तथा सम्बन्धित दलका उम्मेदवार बाहेक अन्य उम्मेदवारहरुले समेत निर्वाचन प्रचार प्रसारको सिलसिलामा अन्य दलको झण्डा प्रयोग गरेको भनी विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत आएको समाचार तथा सो सम्बन्धमा परेको उजुरीको विषयमा निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको झण्डा तथा चिन्ह अरु कसैले प्रयोग गर्न नपाउने गरी संरक्षण तथा निर्वाचन आचारसंहिता, २०७८ बमोजिम ३x३ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह बाहेक दलको प्रचार प्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स, ग्लुसाइन बोर्ड, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने व्यवस्था रहेको हुँदा दलको एउटा झण्डा र एउटा चिन्ह प्रयोग गर्न सकिने भए तापनि अन्य दल तथा उम्मेदवारको झण्डा र चिन्ह प्रयोग गर्नु निर्वाचन आचार संहिता विपरीत हुने देखिन्छ ।

अतः निर्वाचन प्रचार प्रसारको क्रममा निर्वाचन आचार संहितामा उल्लेख भए भन्दा फरक ढङ्गले झण्डा र चिन्ह प्रयोग गरिएमा वा मतदातालाई भ्रम सिर्जना गर्ने गरी आफू उम्मेदवार भएको दल बाहेक अन्य दलको झण्डा तथा चिन्ह प्रयोग गरिएमा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको मानी कानून बमोजिम कारवाही तथा सजाय हुने हुँदा निर्वाचन आचार संहिता विपरीतका कार्य नगर्न नगराउन आयोग सबैमा आग्रह गर्दछ ।

( शालिग्राम शर्मा पौडेल )
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np